**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50800*

# खोटाङ जिल्लामा प्रचलित लोकसाहित्य र तिनको सांस्कृतिक प्रभाव

**डा. धनप्रसाद सुवेदी***

सार

*यसमा लेखमा खोटाङ जिल्लामा प्रचलित लोकसाहित्यको अवस्था र त्यसले त्यहाँको लोकसंस्कृतिमा पारेका प्रभावको अध्ययन गरिएको छ । खोटाङ जिल्लामा नेपाली, चाम्लिङ, दुमी, थुलुङ, साम्पाङ, कुलुङ, नाछरिङ, वाम्बुले, बाहिङ, पुमा, वान्तवा, तिलुङ, तामाङ, सेर्पा, नेवारी, मगर, माझी, सुनुवार आदि भाषाका वक्ताहरू रहेका छन् । भाषिक विविधताका साथै जातीय, सांस्कृतिक तथा भौगोलिक विविधताका कारण यस जिल्लाको लोकसाहित्य समृद्ध अवस्थामा रहेको छ । तर यसको अध्ययन भने खासै भएको पाइँदैन । यही अभावलाई परिपूति गर्नका लागि गरिएको प्रस्तुत अध्ययनले यस जिल्लामा प्रचलित लोकसाहित्यको रूपरेखा प्रस्तुत गरेको छ । मूलतः सर्वेक्षणात्मक विधिको अवलम्बन गरिएको यस अनुसन्धानबाट खोटाङ जिल्लाका प्रचलित लोकगीत, लोककविता, लोककथा, लोकनाटक, लोकगाथा, उखानटुक्का र गाउँखाने अवस्थाको सूचना प्राप्त भएको छ । खोटाङ जिल्लामा हाकपारे, जुवाडी जस्ता लोकभाकाहरू प्रचलनमा छन् । यस जिल्लामा किरात समुदायमा प्रचलित अनेक लोककथा, लोक किंवदन्तीका साथै विभिन्न नदी, देवस्थान, भूतप्रेतका साथै अनैतिकहासिक राजारानीका लोककथा प्रचलनमा छन् । मुन्दुम यस जिल्लामा प्रचलित लोकप्रिय लोकगाथा हो । यस जिल्लामा विभिन्न प्रकारका लोकनाटक, गाउँखाने कथा एवम् उखानटुक्का प्रचलनमा छन् । खोटाङ जिल्लामा प्रचलित लोकसाहित्यले त्यहाँका विभिन्न चाडपर्व, उत्सव, संस्कार र श्रमप्रक्रियामा प्रभाव पारेको छ । यस जिल्लामा प्रचलित चाडपर्व, उत्सव, हाटबजार, मेला र श्रम प्रक्रियामा लोकसाहित्यको प्रयोग हुने गरेको छ र तिनको आफ्नै प्रकारको विशिष्ट महत्त्व रहेको देखिन्छ ।*

**मुख्य शब्दसूची** : लोकसाहित्य, लोकविश्वास, अनैतिहासिक, मुन्दुम, हाकपारे

## विषय परिचय

पूर्वमा भोजपुर, दक्षिणमा उदयपुर, पश्चिममा ओखलढुङ्गा र उत्तरमा सोलुखुम्बु जिल्ला सिमाना रहेका पहिले ‘माझकिरात’ वा ‘खम्बुवान’ का नामले चिनिने क्षेत्रमध्ये २६०५०’ उत्तरदेखि २७०२८’ उत्तरी अक्षांशसम्म र ८६०२६’ पूर्वदेखि ८६०५९’ पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल १५९१ वर्ग किलोमिटर (१५४०२०.२० हेक्टर) छ । २०३२ सालमा भोजपुर र सोलुखुम्बुका केही क्षेत्र यसमा गाभिनु अघिको क्षेत्रफल १२६५ वर्ग कि.मि. थियो (मेचीदेखि महाकाली, भाग १, २०३१, पृ. ६५९) । हाल यस जिल्लामा २ ओटा नगरपालिका र ८ ओटा गाउँपालिका रहेका छन् ।

चाम्लिङ राईका पाछाहरू (थरहरू) मध्ये एउटा पाछाको नाम ‘खोतोहोंछा’ हो । पहिले कुनै समयमा अहिलेको खोटाङ क्षेत्रमा ‘खोतोहोंछा’हरूको आधिपत्य थियो र त्यस क्षेत्रका शासकलाई ‘खोताहोङ’ भनिन्थ्यो, पृथ्वीनारायण शाहको फौजद्वारा खोताहोङ पराजित भएर तिनै ‘खोताहोङ’ शासकका नामबाट अप्रभंश भई ‘खोटाङ’ नामकरण भएको भन्ने एउटा भनाइ पाइन्छ (राई, २०६३ क, पृ. १७–२२) ।

[40] सहप्राध्यापक, डा. धनप्रसाद सुवेदी पाटन संयुक्त क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ।

अर्को भनाइअनुसार पहिले यो भूभाग 'खोटे' नामका किराती राजाद्वारा शासित भएकाले उनैको नामबाट अपभ्रंश भई 'खोटाङकोट' का नाममा यो जिल्लाको नामकरण भएको हो भन्ने एउटा भनाइ प्रचलित छ (आचार्य,२०६३, पृ. २–३)। अर्को भनाइअनुसार चाम्लिङ राईहरूको भाषामा 'खात' को अर्थ गयो र 'हाङ' को अर्थ 'राजा' भन्ने हुन्छ। पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानसँगै यहाँका 'हाङ' अर्थात् राजा पराजित भएर गएका हुँदा यहाँका चाम्लिङ राईले 'राजा गए' भन्ने अर्थमा 'खाताहाङ' भन्न थाले र यसैको अपभ्रंश भई 'खोटाङ' भएको हो भन्ने तर्क पनि पाइन्छ (राई, २०६०, पृ. २)।

स्वामी प्रपन्नचार्यले वि.सं. ११५२ तिरै 'खोटाङ' नाम प्रचलित भइसकेको बताएका छन्। उनको 'प्राचीन किरात इतिहास' ग्रन्थमा खोटाङका हर्कबलि राय (राई) ले 'काशिका' (ले. वामनजयादित्याचार्य) को टिप्पणी गर्दै "इति श्री नेपालस्य पूर्वाञ्चल खोटाङक्षेत्रव्यास्तव्येन चामलिङरायकुलभूषणेन हर्कबलिना विरचिता टिप्पणी समाप्त। शाके १०१७ शुभम्" भनी लेखेको र उनै हर्कबलिले आफ्नो कृति 'काव्यसुधानिधि' मा "इति नेपाल पूर्वाञ्चलखोटाङवास्तव्येन चामलिङरायकुलतिलकेन गौरीमायाबलिराजद्वितीयात्मजेन व्याकरण साहित्यादिसुधारसपानचतुरेण हर्कबलिरायपदवाच्येन काव्यसुधानिधिः प्रपूररतिः इति शुभम्, शाके १०२८" भनी लेखिएको कुरा उल्लेख छ (प्रपन्नाचार्य, २०५१, पृ ३२८–३३१)। प्रपन्नाचार्यका उपर्युक्त कथनलाई हाम्रा हालसम्म फेलापरेका ऐतिहासिक तथ्यले पुष्टि गर्न नसकेको र वि.सं. ११५२÷११६३ तिर हालको खोटाङक्षेत्र 'नेपालको पूर्वाञ्चल' का रूपमा रहेको थियो वा अन्य कुनै राज्यअन्तर्गत पर्दथ्यो भन्ने कुरामा भरपर्दो ऐतिहासिक आधार भने फेला परेका छैनन्। हरिहर सेन, शुभ सेन आदिका पालामा जारी भएका विर्तासम्बन्धी लालमोहरमा खोटाङ शब्द प्रचलनमा देखिएकाले (नेपाल, २०५५, पृ. ३१०–३११) पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानभन्दा अगाडि नै यो शब्द प्रचलनमा रहेको भने देखिन्छ।

समाजमा प्रचलित साहित्यलाई लोकसाहित्य भनिन्छ। लोकसाहित्यले आम जनसमुदाय अथवा समाजको मौलिक साझा साहित्यिक अभिव्यक्तिलाई बुझाउँछ। लोकसाहित्यअन्तर्गत लोकगीत, लोककविता, लोककथा, लोकनाटक, उखान, गाउँखाने कथा आदि पर्छन्। लोकसाहित्यमा समाजको इतिहास, चिन्तन र संस्कृति आदि अन्तर्निहित हुन्छन्। यहाँ खोटाङ जिल्लको लोकाहित्य र त्यसले त्यहाँको समाज तथा संस्कृतिमा पारेको प्रभावको अध्ययन गरिएको छ। विविध जाति, भाषा, संस्कृतिको सङ्गमका रूपमा रहेको खोटाङ जिल्लामा प्रचलित सबै भाषाका लोकसाहित्यको अध्ययन यहाँ गरिएको छैन, नेपाली भाषामा प्रचलित लोकसाहित्यको मात्रै अध्ययन यसमा गरिएको छ।

## अनुसन्धान विधि

यस अनुसन्धान कार्यमा आवश्यक पर्ने केही अध्ययन सामग्री स्थलगत रूपमा स्रोत व्यक्तिबाट सङ्कलन गरिएको छ भने कतिपय सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ। खोटाङ जिल्लामा प्चलित लोकगीत, लोककविता, लोककथा, लोकनाटक, लोकगाथा, उखानटुक्का, गाउँखाने कथा यस अध्ययनका प्राथमिक सामग्री हुन्। लोकसाहित्यको सिद्धान्तमा आधारित सामग्री यस अध्ययनका द्वितीयक सामग्री हुन्। खोटाङ जिल्लामा प्रचलित लोकसाहित्यको सर्वेक्षण गरी तिनको रूपरेखा तयार पार्नु र तिनले प्रयोग र प्रयोजन पहिल्याउनु यस अध्ययनको मूल उद्देश्य हो र प्रस्तुत अध्ययन त्यही दिशातर्फ केन्द्रित छ। खोटाङ जिल्लामा प्रचलित लोकसाहित्यको सर्वेक्षण विधागत आधारमा गरिएको छ। यसमा श्रेष्ठ (२०४७), चाम्लिङराई (२०५५), वर्तमान (२०५७), सुवेदी (२०६५), सुवेदी (२०६६), पुमा (सन् २०१०) तथा स्थानीय बुढापाका एवम् जानकारहरूसँगको विभिन्न समयमा गरिएका कुराकानी र लृेखक स्वयमंले बाल्यकालदेखि सुन्दै, देख्दै आएका विषयका आधारमा खोटाङ जिल्लाको लोकसाहित्यको सङ्कलन गरिएको छ।सर्वेक्षणबाट प्राप्त भएका लोकसाहित्य कहाँ र कुन प्रयोजनमा प्रयोग हुन्छन् भन्ने विषयको अध्ययन तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### सैद्धान्तिक पर्याधार

'लोक' भन्नाले साधारण जनसमुदाय तथा तिनीहरूको आचार, व्यवहार तथा आदर्शलाई बुझिन्छ । त्यसैले 'लोकसाहित्य' भन्नाले आम जनसमुदाय अथवा समाजको मौलिक साझा साहित्यिक अभिव्यक्तिलाई बुझाउँछ । लोक साहित्यमा लोकजीवनका सुख दुःख, पीडा, व्यथा, वेदना, हर्ष, विस्मात आदि अनुभूतिहरू समेटिएका हुन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. १२–१५) । लोकसाहित्य श्रुति परम्परा वा मौखिक रूपमा रहेको हुन्छ । यसमा सहजता हुन्छ । साहित्यका विभिन्न विधा भए जस्तै लोकसाहित्यका पनि विभिन्न विधा तथा उपविधा हुन्छन् । लोकसाहित्यका मुख्य विधाहरू लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा, उखानटुक्का, गाउँखाने कथा आदि लोकसाहित्यका विधा हुन् (बन्धु, २०५६, पृ. ३२) । लोकगीत लोकसाहित्यको लोकप्रिय विधा हो । समाजमा प्रचलित परम्परागत गीतहरू लोकगीत हुन् । लोकगीतमा मानिसको हर्ष, विस्मात, पीडा, वेदना, सुख, दुःख आदिका भाव अभिव्यक्त भएको हुन्छ (बन्धु, २०५६, पृ. ११५) । समाजमा पहिलेदेखि सुनाइने कथालाई लोककथा भनिन्छ । लोककथाहरूमा काल्पनिक, अतिरञ्जनात्मक, धार्मिक, औपदेशिक आदि प्रवृत्ति पनि पाइन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३३७) । भूतप्रेत, राक्षस, धामी–झाँक्री, जादु, टुना, जङ्गली जनावर, देवीदेवता आदिको कथा पनि हुनसक्छन् । लामो कथालाई गीत वा कविताको लय रहेको लोकसाहित्यको विधालाई नेपालीमा लोकगाथा भनिन्छ । लोकगाथामा देवदेवता र वीर पुरुषहरूका वीरतापूर्ण कार्यको वर्णन गरिएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. १६५) । समाजमा प्रचलित पुराना नाटकहरू लोकनाटक हुन् । यसमा गीत, सङ्गीत र नृत्य तीन ओटा विषय समाविष्ट हुन्छन् । नाटक भनेको अभिनय गरिने विधा हो । लोकनाटकमा पनि अभिनय हुन्छ । उत्सव, पर्व र मनोरञ्जनमा लोकनाटक देखाउने गरिन्छ (बन्धु, २०५६, पृ. २६२–२६४) ।

समाजमा पुर्खाहरूको समयदेखि भनिँदै आएका महत्त्वपूर्ण भनाइलाई उखान भनिन्छ । नेपाली भाषामा विशिष्ट र लाक्षणिक अर्थमा प्रयोग हुने क्रियायुक्त पदावलीलाई टुक्का भनिन्छ । उखान–टुक्का दुवैले लाक्षणिक अर्थमा विभिन्न अर्थ दिन्छन् । उखान–टुक्काले भनाइलाई मिठो र प्रभावकारी बनाउँछन् । नेपाली समाजमा मनोरञ्जनका लागि गाउँखाने कथाको प्रचलन रहेको छ (शर्मा र लुइटेल, २०६३, पृ. ४८३) । लोकसाहित्यका उल्लिखित विधाका आधारमा खोटाङ जिल्लामा प्रचलित लोकसाहित्यको अध्ययन यहाँ गरिएको छ ।

### खोटाङ जिल्लाको लोकसाहित्य

खोटाङ जिल्लामा राई (किराती), बाहुनछेत्री, तामाङ, मगर, नेवार, गुरुङ, दलित, सेर्पा, माझी, सुनुवार आदि विभिन्न जातजाति–जनजाति आदिका मानिसहरू बसोबास गर्ने भएकाले यहाँ सांस्कृतिक विविधता पाइन्छ । यहाँ किरात परम्पराका साथै हिन्दु, बौद्ध, इसाईलगायतका धर्र्म मान्ने मान्छेहरू बासोबास गर्ने भएकाले यी धर्मपिच्छेका आआफ्ना संस्कार–संस्कृति र लोकसाहित्य रहेका छन् । किरात जातिको आफनै लोकविश्वास, लोकसाहित्य, परम्परा र सौन्दर्यशास्त्र पनि रहेको छ (राई र राई, २०७३) । विशेषतः सकेला (सकेवा) पर्व, छेत्रीबाहुनहरू तथा दलितहरूका दसैंतिहार, देवाली आदि चाडपर्व, तामाङ, सेर्पाहरूका बौद्धसंस्कृतिअनुसार चाडपर्व र संस्कारहरू तथा नेवार, मगर, गुरुङ, सुनुवार, लिम्बू, माझी, भुजेल आदिका आआफ्ना प्रकारका संस्कार, रीति, चाडपर्व रहेका छन् (सुवेदी, २०७३, पृ. ४) । यी सबै चाडपर्वसँग सम्बन्धित कुनै न लोकसाहित्य प्रचलनमा छन् ।

### खोटाङमा प्रचलित लोकगीत

नेपाली लोकगीतलाई लोकगीतलाई सामान्य गीत, संस्कारगीत, ऋतुगीत, बाह्र मासा आदि प्रकारमा वर्गीकरण गर्न सकिन्छ । झ्याउरे, सङ्गिनी, देउडा, करुवा, वालुन, भजन, असारे, भैलो, सेलो, देउसी, सवाई आदि नेपालमा प्रचलित संस्कारगीत, ऋतुगीत, पर्व गीत आदि हुन् । यी बाहेक स्थानीय भाकाका अनेक लोकगीत छन् । यस्ता लोकगीतमध्ये खोटाङ

जिल्लामा हाकपारे, झ्याउरे, जुहारी, सङ्गिनी, सेलो अनेक भाकाका लोकगीत प्रचलनमा छन् । साकेला, बालुन, भजन, देउसी, भैलो, माल्सिरी, खाँडो, रत्यौली लगायतका लोकगीत खोटाङ जिल्लामा प्रचलित छन् । यस जिल्लामा प्रचलित मुख्य लोकगीतहरूको संक्षिप्त परिचय यहाँ दिइएको छ ः

**(क) हाकपारे**

हाकेपारे खोटाङ भोजपुरतिरको लोकभाका हो । यो लामो गरी गाइने गीत हो (बन्धु, २०५६, पृ. १३९) । केही हाकपारे गीतहरूलाई गाउँतिर बजारे गीत पनि भन्ने चलन छ । ए...भनेर लामो स्वर तान्दै यो गीत गाइन्छ । जस्तै ः ए... दुधकोसी लिले के लानु छ र छोरी चेलीले ।

यसका पनि अनेक भाका छन्, जस्तै ः
कोरेर सलाई बट्टीमा बिनायो र्याङ्गै,
कान्छी छ महिना छ दिन छैन मन छयाङ्गै
मरे यो जीवन मट्टीमा बिनायो र्याङ्गै
कान्छी छ महिना छ दिन छैन मन छयाङ्गै ।

**(ख)जुवाडी**

यस जिल्लामा पर्व जात्राहरूमा रातभर दोहोरी वा जुवाडी गाउने चलन छ । दोहोरी गीतका अनेक भाका छन् । खोटाङमा गाइने जुवाडीका केही लय यस्ता छन् ः

पान्धारे चौकी लाएको माया हैन भन्छौ कि
.बुइपा बसेरी लाएको माया नि लै लै छुटाऊँ कसोरी
.ए साखोलै खोला बोकिन्छ झोला नि लै लै हिँडिन्छ होला
मौकैले गर्दा भेट भयो
गाई जौबारीमा, माया फेरि पन आऊ है यही चौतारीमा

**(ग) सँगिनी**

साथी वा सँगिनीहरू मिलेर गाउने गीतको एउटा प्रकारलाई सँगिनी भनिन्छ (बन्धु, २०५६, पृ. १३७) । सँगिनी खोटाङ, ओखलढुङ्गा, भोजपुर लगायतका पूर्वी नेपालमा प्रचलित लोकगीत हो । सँगिनी सरल, सहज र हृदयस्पर्शी हुन्छ । यो लामो भाकामा गाइन्छ । खास गरेर तीज पर्वका साथै स्वस्थानी, पुराण आदि उत्सवहरूमा पनि गाउने चलन छ । यसमा विशेष गरे नारी वर्गका समस्या, अत्याचार, उत्पीडन आदिको भाव पाइन्छ । गोलो घेरामा नाच्दै गीत गाउने चलन छ । सँगिनीको एक उदाहरणः–

सात भाइ छोरा नि जन्मेका थिए यै घरमा अटाए
बबा यै घरमा अटाए
सात भाइ माइतीकी म यौटी चेली नौ डाँडा कटाए
बबा नौ डाँडा कटाए ।

**(घ) तीज गीत**

खोटाङ जिल्लामा तिजका अवसरमा गाइने तिज गीत पनि प्रचलनमा रहेको पाइन्छ, जस्तै ः

नेपालबाट दाजुले ऐना किनी पठाए
किन दिन्थिन् भाउजूले राखिन् आफैले ।

स्वामीजीले पानी माग्दा भन्नु भ छ वाटर
नबुझेर ल्याएँ मैले काँचो कटर।

**(ङ) साकेला गीत**

किरात संस्कृतिको सर्वाधिक महत्वपूर्ण पर्व साकेला (भाषिक विविधताका आधारमा नाम फरकफरक छन्) पर्व हो। यसका विभिन्न प्रकारका सिली (नाचका शैली) छन्। यस्ता सिलीहरूलाई मुख्यतः (१) पशुपन्छीको अनुकरण गर्ने जस्तैः चास्वा, भेत्पा, नाकी, वापा, माक्पा, नारोवा आदि (२) कृषि गतिविधि अनुकरण जस्तै ः सिकार खेल्ने, भस्मे फडानी, बिउ छर्ने आदि र (३) खानपान तथा मनोरञ्जनको अनुकरण जस्तै ः कुट्ने, पिँध्ने, कपडा बुन्ने आदि गरी ३ भागमा बाँड्न सकिन्छ (किराती, २०५४, पृ. ११८–१२०)। साकेला गीतका केही नमुनाहरू (राई, २०६४, पृ. १९–१७)–

सोई सोइला है हुर्रा हा हा
सोई ढोले सोई अर्को ढोले खोई...
धोइ कुसुम लुगा धुइदैन हौ २
अजम्बरी जीवन कोही छैन २
एनी लै लै हो बरी लै लै २

साकेला सिलीमा नाच्न सिकाउने एकजना मान्छे हुन्छ, जसलाई 'सिलीमोपा' भनिन्छ। सिलीमोपाले कुन तरिकाले नाचिरहेको छ, त्यहीअनुसार अरूले पनि नाच्छन्।

**(च) देउसी**

खोटाङ जिल्लामा देउसी गीत प्रचलनमा रहेको छ, जस्तै ः

ए झिलीमिली झिलीमिली – देउसी रे
ए केको झिलीमिली – देउसी रे
ए भनौँला भाइ हो – देउसी रे
ए फूलको भिलीमिली – देउसी रे

**(छ) भैलो**

खोटाङ जिल्लामा भैलो गीत प्रचलनमा रहेको छ, जस्तै ः

भैलिनी आइन् आँगन
गुन्यौँ चोलो माँगन
हे औँसीको दिन गाईतिहारो भैलो

**खोटाङ जिल्लमा प्रचलित लोककविता**

खोटाङ जिल्लामा लोककविता पनि प्रचलमा छन्। केही लोककविता यस प्रकार छन् ः

**(क) खा"डो**

खोटाङ जिल्लामा छेत्री बाहुनको बिहेमा खाँडो जगाउने चलन थियो, आजभोलि हट्दै गएको छ। आजभोलि खाँडो जगाउने किताब पनि बजारमा पाइने हुनाले किताबमा लेखिएका यस्ता कथन भट्याउने गरिएको पाइन्छ ः

श्री श्री श्री महाराज मन्त्री सर जङ्गबहादुर के फौज के फौज मे भोटके निकट मेँ कोसी के तिर मेँ मन्त्री के खेल से मन्त्री के बुझ से सब लस्कर चले जी धन्य धन्य मन्त्री संग्राम मेँ बहादुर श्री राणाजी के वंश के रत्न श्री शमशेर धर्म शरीर भक्त, वीर के प्रताप से, पूर्व, पश्चिम, उत्तर दक्षिण, भोट, मोग्लान, दिल्ली किल्ला, काँगडा, लङ्का, पलङ्का, सिलाङ्गका नागा, घोरमुखाका देश मेँ चलते हैँ ....।

**(ख) सिलोक**

खोटाङ जिल्लामा लोकसमाजमा सिलोक गाउने प्रचलन छ । सिलोकलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । खासगरेर विवाहका अवसर यस्ता सिलोकहरू गाउने प्रचलन छ । विवाहमा बेहुलीपट्टिका सिलोके समूहले बेहुलापट्टिकालाई परिचय माग्ने, विविध कठिन प्रश्नहरू सोधेर अक्क न बक्क बनाउने, प्रश्नले झुकाउने, कुनै हस्यौली गर्ने खालका सबालसँग सम्बन्धित सिलोकको नाम अत्तो थाप्ने गरिन्छ । बेहुलापट्टिका सिलोके समूहले त्यसलाई फुकाउन सक्नु पर्दछ । खोटाङ जिल्लामा प्रचलित यस्ता केही सिलोकहरू यस प्रकार छन् ः

**दुलही पक्ष ः**

काहाँ बाट आयौ तमु जन्ती कहाँसम्मकी दाउ ?
धरती तिमरे भान्जे बुहारी कहाँ टेकी आयौ पाउ ?

**जन्ती ः**

घरबाट आयौं हामु जन्ती यहीसम्मकी दाउ
धरती हाम्री भान्जे बुहारी पथ्थरमा टेकी आयौं पाउ ।
विवाह तथा अन्य मेला पर्वमा सिलोकबाट यस्ता प्रश्न पनि सोध्ने चलन छ ः
कामीका घरमा त्यो भुत्ते खुकुरी साँध लाउन जान्दैन कि ?
सार्की हिँड्छ जुत्ता नलाई शीतमा छाला त्यो पाउँदैन कि ?
गुरुङका बारीमा त्यो मकै नहुने भेडीको मल होइन कि ?
उकालो हिँडदा त मुस्किल हुने हात्तीको बल छैन कि ?

खोटाङ जिल्लामा स्थानीय विशेषता झल्किने यस्ता लोक कविता (सिलोकहरू) पनि गाइन्छन् (राई, २०६९, पृ. ५–८)ः

बाक्सिला बसेको चपलेटी सेपिलो बासपानी उटाकिलो
रावाखोला तरेर पिपले उकालो चौतारो बगलेको ।
धलमुढा कुलो मुलसारै ठूलो भिज्यो खेतैको गरा
सुङदेल त ओसिलो बाङदेल त रसिलो बाक्सिला हराभरा ।

बन्धु (२०५८, पृ. १९३– १९४) का खोटाङमा प्रचलित सिलोकका केही नमुना यस्ता छन् ः

ए, कान्छा मुखिया बडा बुझ तिमी घर हो हजुरको कहाँ ?
दानापानि रह्यो र भेट हुन गयो ऐँसेलखर्कैमहाँ
रातभरि बसियो सिलोक कथियो सुख्दुःख् मनैमा रहोस्
हामी जाने भयौँ ठोट्ने खोला तरी हजुरको राज हवस् ।।

खाम्तेल्का मुखिया बडा छन सुखिया खान्छन् मकैका भुजा
अर्काको धनमा लोभै छ मनमा खेल्छन तिहारमा जुवा ।
हारे म तिरुँला परे म लिउँला हान्नै पर्‍यो आँट गरी
चौका लिन्छु भनी लिएर हातमा हानेर चारचित् परी ।

**खोटाङ जिल्लामा प्रचलित लोककथा**

नेपाली लोक समाजमा धार्मिक, औपदेशिक र मनोरञ्जनात्मक प्रकारका लोककथा प्रचलमा छन् । खोटाङ जिल्लामा रामायण, महाभारत आदिका कथाका साथै विभिन्न देवी देवता, राक्षस, धर्म, ब्रत, महापुरूषहरू, लय, प्रलय आदि विषयका यस्ता लोककथाहरू प्रचलनमा छन् । एकादशी माहात्म्य, तीजको कथा, नल–दमयन्तीको कथा, प्रल्हाद, धुरव, राजा हरिश्चन्द्र आदिका पौराणिक लोककथा यस जिल्लामा प्रचलनमा छन् । यो जिल्ला किरात जातिको मूल थलो भएकाले यहाँ

किराती लोकपरमपरामा प्रचलित पारुहाङ, सुम्निमा, तोयामा, खियामा, रैछाकुले, जन्तेढुंगा, गोल्माराजा—गोल्मारानी, साल्पा पोखरी आदिका कथाहरू प्रचलनमा छन् । खोटाङ जिल्लामा लाटाबुङ्गा, मूर्खहरू, चोर, राजकुमार राजकुमारी, छट्टु स्याल, भूतप्रेत, थानी, देवीदेवता, अप्सरा, नागकन्या, युवा युवतीका प्रेमसम्बन्धी कथाहरू प्रचलनमा छन्  (सुवेदी, २०७३) । किरात समुदायमा चुलासम्बन्धी लोककथा छन् (राई र चाम्लिङ, २०७५) । यस जिल्लामा नदी, पहाड, जङ्गल आदिका लोककथा पनि प्रचलनमा छन् । यस्तै साहसिक एवं बहादुरीका कथाहरू छन् (सुवेदी, २०७३) । खोटाङ जिल्लामा प्रचलित लोककथामध्ये यहाँ केही मुख्य लोककथाहरूको सार दिइएको छ ः

**(क) पारुहाङ र सुम्निमाको कथा**

किराती जातिका आदि देवताका रूपमा रहेका पारुहाङ र सुम्निमाका अनेक कथा छन् । तीमध्ये मानवको उत्पत्तिसम्बन्धी कथा यस्तो छ ः

पृथ्वीमा सुम्निमा एक्लै थिइन् । त्यस्तैमा एक दिन पारुहाङले एउटा सुन्दर काइँयो आकाशबाट सुम्निमाछेउ खसाले । त्यो काइँयो देखेर सुम्निमा सारै लोभिइन् र त्यो काइँयो बनाउने व्यक्तिसँग बिहे गर्न पाए पनि हुन्थ्यो भनेर सोचिन् । पारुहाङले चराहरू मार्फत सुम्निमासँग बिहे गर्ने प्रस्ताव पठाए । काइँयो बनाउनेसँग विवाह गर्न पाउने कुराले सुम्निमा खुसी भइन् । तर सुम्निमाको विचार थाहा पाउन पारुहाङ बुढो र कुरूप भेषमा पृथ्वीमा आए । पारुहाङको त्यो अवस्था देखेर सुम्निमाले बिहे गर्ने प्रस्ताव अस्वीकार गरिन् ।

विवाह प्रस्ताव अस्वीकार गरेको साटो फेर्न पारुहाङले पृथ्वीमा खडेरी पारिदिए । पानीको मुहान सुकेर हाहाकार भयो । पानी खोज्दै जाँदा कर्कलाको पातमा अलिकति पानी थियो । सुम्निामाले त्यो पानी पिइन् । त्यसपछि खडेरी हटेर पानी पर्न थाल्यो । त्यो कर्कलामा राखेको पानी पारुहाङको पिसाब थियो जसका कारण सुम्निमा गर्भवती भइन् । पछि गर्भवती हुनाको कारण थाहा भएपछि सुम्निमाले पारुहाङको खोजी गरिन् । पारुहाङ र सुम्निमाको विवाह भयो । उनीहरूबाट चारभाइ छोराहरू क्रमशः बाघ, भालु, बाँदर र मान्छे जन्मिए । ठुलो भएपछि बाघ, भालु र बाँदर जङ्गलमा रहन थाले काछो मान्छे भने नागकन्यासँग विवाह गरी बस्न थाल्यो ।

**(ख) तयामा, खियामा तथा खोक्चलिपाको कथा**

तयामा, खियामा र लोक्चिलिपाको कथा किराती सभ्यताका आदि पुर्खा मानिन्छन् । किरात समुदायअन्तर्गत भाषिक विविधता भएकाले यिनका नाममा पनि केही भिन्नता पाइन्छ । विभिन्न किरात समुदायमा यिनका कथामा केह िभिन्नता पनि छ (राई, २०७१, ११–८४) । तयामा र खियामा दिदीबहिनी र भाइ खोक्चिलिपुले खेतीपाती तथा लुगाको आविष्कार गरेको भन्ने किरात समुदायको विश्वास रहेको छ ।

सानैमा बुबाआमा मरेकाले तयामा, खियामार खोक्चिलिपाको जीवन साह्रै कष्टकर थियो । उनीहरूले भनेको बेला खान समेत पाउँदैन थिए । त्यस्तैमा भोकले गर्दा खोक्चिलिपा बेहोस भए । बेहोस भाइलाई मरेको ठानेर तयामा र खियामाउनलाई त्यत्तिकै छाडी हिंडे । उनीहरू विभिन्न ठाउँ घुम्दै अन्ततः हलेसी महादेवस्थान भन्दा अलिकमाथि तुवाचुङमा तान बुनेर बस्न थाले । यता खोक्चिलिपाले होस फरेपछि दिदीहरूलाई खोजे र नभेटेपछि रोइकराई गरे । अब उनीसामु एक्लै बाँच्नुको विकल्प थिएन । माछा मार्दै, सिकार खेल्दै उनले आफ्नो जीवन चलाउन थाले । समयक्रममा उनको भेट नागेलुङसँग भयो । खोक्चिलिपा र नागेलङ बिहे गरेर घरजम गर्ने निधोमा पुगे । उनीहरूको बिहेका अवसरमा अचानक तयामा र खियामा पनि आइपुगे । त्यस संयोगको खुसीमा उनीहरू नाच्न थाले । उनीहरूले विभिन्न प्राणी र मानव जीवनका क्रियाकलापको अभिनय गरेर नाचे । त्यही बेलादेखि किराती समुदायमा साकेला नाचको सुरुआत भयो । अहिले पनि किरात राई समुदायमा उँधौली र उँभौलीका अवसरमा साकेला नाचिन्छ अनि त्यस नाचको शैलीलाई ‘सिली’ भनिन्छ । तिनै दिदीहरू, भाइ र बुहारीलाई किराती

सभ्यताका अगुवा मानिन्छ । उनीहरूले नयाँ अन्न पितृलाई चढाएर मात्र खाने परम्पराको सुरुवात गरे । साथै उनीहरूले पितृपुजामा मुन्धुमवाचन गर्ने परम्परा पनि चलाए ।

**(ग) जयपति साप्सुको कथा**

जयपति थानी खोटाङ जिल्ला मात्तिम विर्ता गाविसका पण्डित जयपति ढकालको प्रेतात्मा मानिन्छ । किंवदन्ती अनुसार जयपति पण्डित तिजको पूजा लगाउन भनी मझुवा भन्ने ठाउँमा जाँदा बिचमा पर्ने साप्सु खोलाको भेलमा परी मरे । मरिसकेका जयपतिको आत्मा भने मरेन र त्यसले जयपतिको रूप लिई तिजको पूजा लगाउने घरमा पुगी पूजा लगायो र राती नै गायब भयो । यता जयपतिलाई बगाएको देख्नेहरू थिए । त्यसैले उनी खोलामा परी मरेको आधारमा उनको काज किरिया भयो । यसै बिच खेतमा पानी लगाउन जाने जयपतिको घरेलु नोकर हरे घर्तीले एक रात जयपतिलाई खेतमा पानी लगाउँदै गरेको देख्यो र तपाईं त मरेको होइन भनी सोध्यो । जयपतिले आफ्नो शरीर मरे पनि आफू जागेर आएको र यो कुरा कसैलाई नभन्नु भने । तर हरे घर्तीले यो कुरा लुकाउन सकेन र उसले आफूले जयपतिलाई खेतमा पानी लगाउन जाँदा देखेको कुरा अरुलाई सुनायो र यो सुनाउने साथ हरे पनि रगत छाद्दै मर्यो । अब जयपति र हरे दुवैको प्रेतात्माले अनेक उपद्रो गर्न थाले । यसपछि धामी बस्दा जयपति र हरे दुबै बके र आफूहरूलाई थानीका रूपमा पूजा गर्न आग्रह गरे । त्यसपछि साप्सु खोलाको सिर 'साप्सुढाप' मा जयपति र हरे घर्तीको थान बनाई पूजा गर्न थालियो ।

**(घ) झाँक्रीको कथा**

झाँक्री झारफुकको विज्ञ एकप्रकारको जनावर हो । ऊ लामोकेश भएको अनौठो र डरलाग्दो हुन्छ । ऊ मान्छे पुग्न नसक्ने तर मानव बस्तीको आसपासमै रहेको अप्ठ्यारो भिरमा बस्छ । आगोले नपोलेको, चोटपटक नलागेको र झाँक्रीले मन पराएको बालकलाई झाँक्रीले चोरेर लैजान्छ र केही दिन वा महिनासम्म झाँक्री विद्या सिकाएर कसैले थाहा नपाउने गरी ल्याइदिन्छ । त्यसरी लगेको बालकलाई झाँक्रीकी स्वास्नी निधिनीले भेटी भने खाइदिन्छे, त्यसैले झाँक्री आफूले लगेको बालकलाई झाँक्रिनीले नदेख्ने ठाउँमा लुकाउँछ । त्यसरी लगेको बालकलाई गड्यौला, गँगटाको मासु र झारपातको खानेकुरा दिन्छ । निधिनीले भने महिलाहरूलाई बोक्सी विद्या सिकाउँछे । आजभोलि भने झाँक्रीको कथामा विश्वास गर्न छाडिएको छ ।

**(ङ) जन्तेढुङ्गाको कथा**

किरात राजाहरू हाङदेवाको छोरा गोल्मे र नेवाहाङकी छोरी निनिमा बिचमा विवाह हुने टुङ्गो भएको थियो । दुई शक्तिशाली किराती राजाहरूका बिचमा हुन लागेको यस्तो वैवाहिक सम्बन्धलाई शत्रुहरू रोक्न चाहन्थे । त्यसैले उनीहरूले विवाहमा बाजा बजाउने मान्छेहरूलाई किने । विवाहको जन्ती जाँदा उल्टो गरेर बाजा बजाउन थाले ।यसले गर्दा विवाहमा विघ्न पर्‍यो र जन्तीहरू सबै ढुङ्गामा परिणत भए । यसरी जन्ती आकारका ढुङ्गाहरू अहिले पनि खोटाङको चिसापानीमा छँदैछ । यही नामबाट हाल जन्तेढुङ्गा गाउँपालिका समेत बनेको छ ।

**(च) तोरम्पाको कथा**

आमाले पस्किएर दिएको खानेकुराले तोरेम्पालाई चित्त बुझ्दैनथ्यो । ऊ आफैँ पन्यु लिएर पस्किन अघि सथ्र्यो । अरुले पस्किदिएको खानेकुरा मात्र खाएका दिन उसलाई खाए जस्तै लाग्दैनथ्यो । बिहे गरेर छोराछोरी जन्मी हुर्की गर्दा पनि उसको वानी गएन । उसका जहान परिवारले कति कराए । उसका साथी र नरनाताले पनि सम्झाए । तर पनि तोरेम्पाले आफ्नो वानी छाडेन । यस्तैमा एक दिन तोरेम्पालाई काम विशेषले आफ्नो सम्धीको घरमा गयो । सम्धी सम्धिनीले भव्य स्वागत गरे । खानपान सुरु भयो । तोरेम्पाका अगाडि पनि डबकाभरि जाँडका साथै मासु, अचार र अन्य परिकारहरू राखियो । खानाका परिकारहरू अत्यन्त मिठा थिए । तर आफैले पस्किन नपाएका तोरेम्पालाई खानेकुरा स्वादिलो लागेको थिएन । नजिकै जाँडको घ्याम्पा ठडिएको थियो । तोरेम्पालाई त्यो घ्याम्पामै हात लगाएर जाँडका छोक्रा निकालेर खान मन लाग्यो । यस्तैमा सम्धिनी

माथिल्लो तलामा चढिन् र सँगै खानपिनमा गरिरहेका सम्धी पनि पिसाब फेर्नका लागि घरबाहिर निस्के । त्यही बेला तोरेम्पाले घ्याम्पामै टाउको छिराएर जाँड खान थाल्यो । केही बेरपछि उसले टाउको बाहिर निकाल्न खोज्यो तर सकेन । त्यति बेलै सम्धिनी र सम्धी पनि भित्र आए । तोरेम्पा लाजले पानी पानी भयो । ऊ हतास भयो, आत्तियो र अन्तमा उसको मृत्यु भयो । त्यही कथालाई आधार मानेर किरात राई समाजमा पाहुना भएर जानेले आफूलाई दिएको खानेकुरा तत्काल खानुपर्छ अथवा जुठो लगाउनु पर्छ नत्र तोरेम्पा लाग्छ भन्ने विश्वास गरिन्छ ।

**(छ) सुत्केरी ढुङ्गाको कथा**

खोटाङ जिल्लाको अखौंले गाउँमा एउटा १५ फिट र अर्को ८ फिट अग्लो ढुङ्गो गाडिएको छ । यी ढुङ्गालाई सुत्केरी ढुङ्गो भनिन्छ । किंवदन्ती अनुसार पूर्व १ नं दाप्चा र नुनथलामा विवाहा भएका दिदीबहिनीहरू हिँड्दै जाँदा अखौंले पुगेका थिए । संयोगवश त्यतिबेलै उनीहरूलाई सुत्केरी व्यथा लाग्यो । त्यो व्यथाको पीडा सहन नसकेर दुवैले आफू अगाडि रहेका ढुङ्गा उचालेर भुइँमा गाडे । दिदीले गाडेको ठुलो ढुङ्गो र सानीले गाडेको सानो ढुङ्गो हुन् । कसै कसैले भने सुत्केरी व्याथाका बेला आमाले गाडेको ठुलो ढुङ्गो र बच्चाले पनि जन्मिने बित्तिकै रुँदा अगाडि रहेको ढुङ्गो अँठ्याएर गाड्यो र त्यो चाहिँ सानो ढुङ्गो हो भन्ने किंदन्ती रहेको छ ।

**(ज) अन्य लोककथा र किवंदन्तीहरू**

खोटाङ जिल्लामा विभिन्न अनैहिासिक राजा तथा झाँक्री, भूत प्रेतहरूका कथा र किंवदन्ती छन्् । यस जिल्लामा सिद्ध सिकारी, सोला सिकारी, सुनझाँक्री, भैरम झाँक्री, साल्पा राजा साल्पा रानी, मैना राजा मैना रानी, गोल्मे राजा, गोल्मे रानी, बेल्का राजा बेल्का रानी, स्यु स्यु राजा स्युस्यु रानी, होङ्ग राजा होङ्ग रानी, लौरे ठोकारे, घर्ती भिर आदिका कथा र किंवदन्ती प्रचलनमा छन् । यस्ता झँक्री तथा अनैतिहासिक राजाहरूका नाममा विभिन्न पूजा, पर्वहरूमा धुपधुवाँर गरी पूजा गर्ने चलन छ । यसैले यस्ता झाँक्री तथा अनैतिहासिक राजारानी पनि साहित्यका बिम्ब–प्रतीकका रूपमा आउने गरेका छन् ।

**खोटाङ जिल्लामा प्रचलित लोकगाथा**

देवीदेवता, राजा महाराजा वा कुनै वीर पुरूषहरूको गौरव एवम् वीरतामा आधारित लोककाव्यलाई लोकगाथा भनिन्छ । नेपालीमा चैत, धमारी, चाचरी, संगिनी, भारत आदि लोकगाथाहरू प्रचलनमा छन् । खोटाङ जिल्लाको आफ्नो मौलिक लोकगाथा भने फेला पार्न सकिएको छैन । यस जिल्लामा लोकगाथाको नजिक मान्न सकिने किरात जातिको प्राचीन मौखिक ग्रन्थ मुन्दुम हो ।

**मुन्दुम**

मुन्दुम मौखिक रूपमा विभिन्न सांस्कृतिक अनुष्ठानमा वाचन गरिने किराती जातिमा प्रचलित मौखिक वाङ्मय हो । किरात जातिको मुख्य थलोका रूपमा रहेको खोटाङ जिल्लाको मौखिक वाङ्मयको प्राचीन स्रोत मुन्दुम हो । 'थुतुरी वेद' अर्थात् मौखिक वेदका रूपमा लिइने मुन्दुम किराती जातिमा प्रचलित सृष्टि दर्शन, संस्कृति तथा संस्कारको विधि विधान सबै हो र यो मौखिक परम्परामा सुरक्षित छ । किरात अन्तर्गत सामान्यतः राई, लिम्बु, याक्खा र सुनुवार जाति पर्दछन् र यी चार ओटै जातिका संस्कार, संस्कृति मुन्दुममा आधारित छन् । भाषिक विविधताका कारण यसका अनेक नाम छन् (जस्तै ः मुन्दुम, मुन्धुम, मुक्दुम, मुन्तुम, रिदुम, मिन्दुम, पेल्लाम, मुक्दुम आदि) र पाठगत भेद पनि हुने नै भयो । यस्ता भेद भए पनि मुन्दुमको साझा पहिचान भनेको यो अहिलेसम्म श्रुति परम्परामा बाँचेको छ र यसले प्रकृति तथा पितृहरूको उपासनामा जोड दिन्छ । मुन्दुममा किरात जातिका इतिहास, जीवन जगत्प्रतिका धारणा, संस्कार, संस्कृति सबै सुरक्षित छन् ।

**खोटाङ जिल्लामा प्रचलित लोकनाटक**

खोटाङ जिल्लामा धामीझाँक्री परम्परा बहुप्रचलित छ । धामी गुरुकुल परम्पराबाट साधिएका र झाँक्री वनझाँक्रीले अज्ञात रूपले लगी केही समयसम्म सधाइ सिकाई गरेर पठाउँछ भन्ने विश्वास गरिन्छ । धामीझाँक्रीबाट भूतप्रेत, बोक्सी, लागो आदि हटाइन्छ भन्ने वि श्वास गरिन्छ । देवीदेवता, कुलपितृ आदि बेखुस भएमा उनीहरूलाई खुसी तुल्याएर सुख शान्ति दिलाउने मध्यस्थकर्ताका रूपमा धामी झाँक्रीलाई लिइन्छ । रोगव्याधी हटाउने, ग्रहदसा हटाउने, परिआएका आपद्विपद् टार्न तन्त्रमन्त्र गर्ने, खड्गो काट्ने, भेद झिक्ने, टुनामुना पन्साउने, बोक्सी, डाङ्ग्रेनीहरूलाई तह लगाउने, शुभ–अशुभको जोखाना हेर्ने लगायतका काममा धामी, झाँक्रीलाई लगाउने चलन छ (नेपाल, २०४०, पृ. ३५९) ।

खोटाङ जिल्लामा साल्पाराजा–साल्पारानी, होङ्गाराजा–होङमारानी, गोल्माराजा–गोल्मारानी, स्युस्युराजा–स्युस्यु रानी (सिम्सिम्राजा–सिम्सिम्रानी), मैनाराजा–मैनारानीजस्ता अनैतिहासिक राजारानीको पुकारा गर्दै धुपधुँवार गरी बल मागिन्छ । धामीझाँक्रीले विरामीको जोखान हेर्दा र झारफुक गर्दा यी राजारानीको नाम उच्चारण गर्दै बल माग्ने चलन छ (सुवेदी, २०६५) । यी राजारानीका अतिरिक्त सिमेभुमे, सिद्धसिकारी, जयपति थानी, साप्सुबाचा, बुढासुब्बा–बुढी सुब्बेनी, हलेसी महादेव, डाँडापारिको द्यौ, सन्सरीमाई, केराबारे, पुर्णिमा, द्यौलगायत स्थानीय देवीदेवताको पुकारा गरी धुपधुँवार गरी बल माग्ने गरिन्छ । धामीझाँक्रीलाई सघाउनेलाई धुपौरे, क्यानछरी, ढोले, सेउले..........आदि भनिने गरिन्छ । सामान्यतः झाँक्रीहरू ढ्याङ्ग्रो बजाएर जोखाना हेर्ने तथा लागो मन्साउने काम गर्छन् भने देवालीका धामीहरू चाहिँ सामान्यतः थाल र सेउलीको प्रयोग गरेर धामी बस्ने र झारफुक गर्ने गर्दछन् ।

खोटाङ जिल्लामा लाखेनाच, मारनीनाच जस्ता लोकनाटक प्रचलनमा छन् । लाखेनाच नेवार जातिमा प्रचलित छ । मारुनी नाच राई तथा मगर जातिमा प्रचलित छ । यस जिल्लामा बालुन नाच पनि प्रचलनमा छ ।

**खोटाङ जिल्लामा ः उखानटुक्का**

लोकजीवनका अनुभवलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको वाक्य वा वाक्यांशलाई उखान भनिन्छ । लोकसमाजको लामो अनुभवको सार उखानमा प्रस्तुत हुन्छ र यसमा उक्तिवैचित्य पनि हुन्छ । टुक्का भनेको चाहिँ विशिष्ट र लाक्षणिक अर्थमा प्रयोग हुने पदावली हो । उखान र टुक्का पनि लोकसमाजमा मौखिक परम्परामा बाँचेका हुन्छन् । भनाइलाई रसिलो, चोटिलो र प्रभावकारी बनाउनका लागि उखान टुक्काको प्रयोग गरिन्छ । खोटाङ जिल्लाको लोकसमाजमा उखानटुक्काको प्रयोग पाइन्छ । यस जिल्लामा राई किराती भाषामा प्रचलित उखानहरू पनि प्रयोगमा छन्, जस्तै ः मन त हिङ्गे खावा पैना (मन त छ तर पैसा छैन) ।

**खोटाङ जिल्लामा गाउँखाने कथा**

लोकजीवनमा मनोरञ्जन तथा बौद्धिक कसरतका रूपमा प्रयोग हुने जीवन जगतसँग सम्बन्धित प्रश्नोत्तरलाई गाउँखाने कथा भनिन्छ । प्रश्नको उत्तर नजानेमा कुनै गाउँ लैजाऊ भन्ने चलन भएकाले यसलाई गाउँखाने कथा भनिएको हो । यो पनि लोकसाहित्यको एउटा विधा हो । खोटाङ जिल्लामा पनि गाउँखाने कथा भन्ने प्रचलन रहेको छ ।

**लोकसाहित्यको सामाजिक तथा सांस्कृतिक प्रभाव**

खोटाङ जिल्ला किरात राईहरूको मुख्य थलो हो । यहाँ किरात जातिभित्रका चाम्लिङ, साम्पाङ, दुमी, वाम्बुले, पुमा, नाछरिङ, कोयु, थुलुङ, बान्तवा आदि जाति र उनीहरूको अलग भाषा छन् । त्यसैले कतिपय किरात लोककथा, किंवदन्ती र अनुश्रुति पनि यी हरेकमा अलग अलग छन् । त्यसरी नै अन्य जाति, समुदायका आफ्ना आफ्ना लोककथा, किंवदन्ती र अनुश्रुतिहरू छन् । त्यस्ता लोककथा, किंवदन्ती र अनुश्रुतिहरूका कारण अनेक प्रकारका पुजाआजा, चाडपर्वहरू

हुने गरेका छन् । त्यस्ता लोककथा, किंवदन्ती तथा अनुश्रुतिहरूले यहाँको विचार, संस्कृति, खानपान आदिमा प्रभाव पारेको देखिन्छ । खोटाङ जिल्लामा प्रचलित लोकसाहित्यको सामाजिक तथा सांस्कृतिक सम्बन्ध र प्रभावलाई यसरी हेर्न सकिन्छ ः

(क) खोटाङ जिल्लामा प्रचलित लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा, उखानटुक्का, गाउँखाने कथाहरू, किंवदन्ती मानव सभ्यताको विकास, विभिन्न जातिका इतिहास, मूल्य मान्यता, संस्कृति, विश्वास आदिका साथै स्थानीय देवीदेवता, थानी, ढुङ्गा, पोखरी आदिको उत्पत्ति, विश्वास, महत्त्व आदिसँग सम्बन्धित छन् । त्यसबाट स्थानीय र समाज र संस्कृतिमा गहन प्रभाव परेको देखिन्छ ।

(ख) लोककथा तथा किंवदन्तीले मानिसका संस्कृतिमा प्रभाव पारेको हुन्छ । किरात समुदायको साकेला, सिली, पाहुनाको सत्कार, माइतीचेली सम्बन्धी धारणा, संस्कार र पुजाआजामा मुन्दुममा आधारित कथाका साथै तयामा खियामाको कथा, तोरेम्पाको किंवदन्तीका साथै पुर्बिया आदिको प्रभाव देखिन्छ । त्यसरी नै बाहुन क्षेत्री समुदायमा हुने देवाली, थानीपूजा, हलेसी, बराहपोखरी, मझुवाकी देवी आदिका पूजा र तिनीहरूप्रति विश्वास किंवदन्तीहरूमै अडिएको छ ।

(ग) खोटाङ जिल्लामा कुनै खास जाति वा समुदायमा प्रचलित किंवदन्ती, कथा र अनुश्रुतिहरूलाई अन्य जाति, समुदायले पनि हार्दिक रूपमा ग्रहण गरेको पाइन्छ । किरात समुदायको थानीका रूपमा लिइने पुर्बिया, सिकारी र अनैतिहासिक राजाहरू जस्तै साल्पा राजारानी, गोल्मा राजारानी आदिलाई गैरकिरातीले पनि पुकारा तथा धुपधुँवार गर्छन् भने जयपति साप्सु जस्ता बाहुन समुदायका थानीलाई गैरबाहुन समुदायले पनि पूजा गर्छन् । त्यसरी नै गैरकिराती समुदायले झारफुकका लागि किराती बिजुवालाई पनि लगाउँछन् र गैरगिराती धामीलाई किराती समुदायले पनि झारफुकमा बोलाउने गर्छन् ।

(घ) भूत, प्रेत, जागित्र वा थानी सम्बन्धी किंवदन्तीहरूलाई पछिल्लो समयमा त्यति महत्त्व दिन छाडिएको देखिन्छ । आधुनिक चिकित्साको प्रयोगसँगै खास गरेर दुःख, बिराम निको होस् भनेर पूजा गरिने आधाराते, लौरैठोकारे जस्ता थानी तथा जागित्रहरूको पूजाआजाको परम्परा घट्दै गएको देखिन्छ ।

**निष्कर्ष**

खोटाङ जिल्लामा हाकपारे, इयाउरे, जुहारी, सङ्गिनी, सेलो अनेक भाकाका लोकगीत प्रचलनमा छन् । साकेला, बालुन, भजन, देउसी, भैलो, माल्सिरी, रत्यौली लगायतका लोकगीत खोटाङ जिल्लामा प्रचलित छन् । खोटाङ जिल्लामा छेत्री बाहुनको बिहेमा खाँडो जगाउने चलन थियो, आजभोलि हट्दै गएको छ । यहाँको लोकसमाजमा सलोक गाउने प्रचलन छ । यस जिल्लामा पारुहाङ र सुम्निमाका अनेक कथा छन् । त्यस्तै तयामा, खियामा र खोक्चिलिपाको कथा, जयपति साप्सुको कथा, झाँक्रीको कथा, जन्तेढुङ्गाको कथा, तोरेम्पाको कथा, हलेसीका कथा, सुत्केरी ढुङ्गाको कथा, विभिन्न अनैहासिक राजा तथा झाँक्री, भूत प्रेतहरूका कथा र किंवदन्ती प्रचलनमा छन् । यस जिल्लामा लोकगाथाको नजिक मान्न सकिने किरात जातिको प्राचीन मौखिक ग्रन्थ मुन्दुम रहेको छ । यस जिल्लामा धामीनाच, गाईजात्रा, मारुनी नाच, बालुन खोटाङ जिल्लामा पनि प्रचलित छन् । यस जिल्लामा उखानटुक्का तथा गाउँखाने कथाको प्रयोग हुने गरेको छ । यी लोकाहित्यले यस जिल्लको विचार, संस्कृति, खानपान आदिमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पारेको देखिन्छ । यस जिल्लामा कुनै खास जाति वा समुदायमा प्रचलित किंवदन्ती, कथा र अनुश्रुतिहरूलाई अन्य जाति, समुदायले पनि हार्दिक रूपमा ग्रहण गरेको पाइन्छ ।

### सन्दर्भसूची


आचार्य, रविकिरण (सम्पा.२०६३).  खोटाङ जिल्ला पाश्र्वचित्र. खोटाङः जिल्ला विकास समितिको कार्यालय ।

किराती, कृपा (२०५४). “किराती चाड साक्खेवा ः परिचयात्मक अध्ययन”.नयाँकदम (वर्ष १, अङ्क ३), पृ. ११४–१२१ ।

चाम्लिङराई, बयानसिंह (२०५५).उत्पत्ति र परम्पराका चाम्लिङ मिथकहरू, धरान ः जीतराज–निर्मला राई ।

नेपाल, ज्ञानमणि (२०४०).नेपाल निरुक्त. काठमाडौँ ः ने.रा.प्र.प्र. ।

नेपाल, ज्ञानमणि (२०५५). नेपाल निरूपण, काठमाडौँ ः ने.रा.प्र.प्र. ।

पुमा, प्रवीण (इ.२०१०).हेन्खामा निनान्मा, खोटाङ ः सुम्निमा थेयटर एकेडेमी ।

प्रपन्नाचार्य, स्वामी (२०५१). प्राचीन किरात इतिहास. वाराणसी ः किरातेश्वर प्रकाशन ।

बन्धु, चूडामणि (२०५८).नेपाली लोकसाहित्य. काठमाडौँ ः एकता बुक्स ।

मेचीदेखि महाकाली भाग– १ (२०३१).पूर्वाञ्चल विकास क्षेत्र, जाँचबुझ केन्द्र, राजदरबार ।

राई, कोपिला (२०६४). “चाम्लिङ राई समाजमा प्रचलित चण्डी (बन्छर) गीत ः एक चर्चा”.खोटाङ पुकार (वर्ष ७, अङ्क १), पृ. १०–२६ ।

राई, गडुलमान (२०६३). किरात संस्कार, संस्कृति र कथा–कहानीहरू. रतन्छा ः परिवर्तन राई ।

राई, चतुरभक्त (२०६९). “नेपालको संस्कृतिमा सिलोकको प्रचलन”. किरात प्रज्ञा(अङ्क १), पृ १–२५ ।

राई, चतुरभक्त (प्रधान सम्पादक) (२०७१). तुवाचुङ जायजुङ. खोटाङ उद्गम आदिभूमि तुवाचुङ जायजुम संरक्षण समिति ।

राई, टङ्कबहादुर (२०६३ क). “खोटाङ जिल्लामा चाम्लिङ भाषाको मानकीकरणको संक्षिप्त चर्चा”. खोटाङ (पूर्णाङ्क ४), पृ. ७०–७३) ।

राई, तारामणि र चाम्लिङ, भोगीराज (२०७५). किरात र सुम्पुलुङ. ललितपुर ः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, तारामणि र राई, गणेशकुमार (२०७३). किराती सौन्दर्यशास्त्र. ललितपुर ः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, वेदीकुमार (२०६०). नेपाली साहित्यमा खोटाङ जिल्लाको योगदान. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि. कीर्तिपुर ।

वर्तमान (२०५७). हेछाकुप्पा (किरात लोककथा). काठमाडौँ ः ने.रा.प्र.प्र ।

श्रेष्ठ, शिवकुमार (२०४७). किराँती लोककथाहरू. काठमाडौँ ः गुनिलो प्रकाशन ।

सुवेदी, ओमप्रसाद ‘ओजस्वी’ (२०६५). लैकुपश्चिमका लोकसंस्कृति र किरात सभ्यता. खोटाङ ः परिजन सुवेदी ।

सुवेदी, धनप्रसाद (२०७३). खोटाङ जिल्लाको साहित्यिक रूपरेखा.  काठमाडौँ ः रावासावा प्रज्ञिक समाज ।

सुवेदी ‘श्रमिक’, धनप्रसाद (२०६६). खोटाङ जिल्ला ः विगत र वर्तमान. काठमाडौँ ः रावासावा प्रज्ञिक समाज ।